नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

पत्र संख्या: २०७६/०७७

चलानी नं.: 83

मिति:२०७७।३।५

विषय: निर्णय पठाईएको सम्बन्धमा ।

श्री मन्त्रालय तथा निकायहरु, सबै ।

प्रस्तुत विषयमा महालेखा नियन्त्रकज्यूको उपस्थितिमा मन्त्रालय तथा संवैधानिक निकायहरुका आर्थिक प्रशासन शाखा प्रमुखज्यूहरुको मिति २०७७।३।२४ को बैठकबाट आर्थिक बर्ष ०७६।०७७ को वित्तीय प्रतिवेदन तयारी लगायत अन्य विविध बिषयमा भएको छलफल पश्चात गरिएका निर्णयहरुको प्रतिलिपी यसैसाथ संलग्न राखी कार्यान्वयनका लागि पठाईएको ब्यहोरा निर्देशानुसार अनुरोध छ ।

गोपी चन्द्र भण्डारी

उप-महालेखा नियन्त्रक

टेलिफोन नं : मानवश्रोत व्यवस्थापन महाशाखा ४७७०८९५, आन्तरिक लेखापरिक्षण सम्पत्ति तथा दायित्व व्यवस्थापन महाशाखा ४७७०३७५,
कोष व्यवस्थापन तथा सूचना प्रविधि महाशाखा ४७७०७०६, आन्तरिक तथा आर्थिक प्रशासन शाखा ४७७०३४०
ईमेल: info@fcgo.gov.np
वेव साईट: www.fcgo.gov.np

Scanned with CamScanner

मिति २०७७ अषाढ ३ र ४ महालेखा नियन्त्रक कार्यालयमा मन्त्रालय र संवैधानिक निकायमा कार्यरत लेखा प्रमुखहरुको बैठकबाट भएको निर्णयहरु:

१. मन्त्रालय र अन्तर्गत सोझै भुक्तानी र बस्तुगत सहायता तर्फ चालु आर्थक बर्षको जेठ सम्मको खर्च २०७७ अषाढ १० भित्र एकल खाता कोष प्रणालीमा प्रविष्ट गराईसक्ने र २०७७ अषाढ महिनामा भएको खर्च २०७७ आषाढ ३२ गते भित्र प्रविष्ट हुने ब्यवस्था गर्ने ।

२. सोधभर्ना हुनेगरी भएको खर्च रकमको यथासिघ्र सोधभर्ना प्राप्त गर्ने ब्यवस्था गर्ने । सोधभर्ना माग गरेको withdrawal application को एक प्रति म ले नि का मा पठाउने ब्यवस्था गर्ने ।

३. सोधभर्ना रकमको हिसाब म.ले.नि.का.मा रहेको अभिलेखसंग भिडानगरी अध्यावधिक गर्ने ।

४. बन्द आयोजनाहरुको सोधभर्ना बाँकी रकम यसै आ ब भित्र फरफारक गरिसक्ने ।

५. म ले नि का ले हिसाब भिडान तालिका २०७७ अषाढ भित्र सबै मन्त्रालय , संवैधानिक निकाय र को ले नि काहरुमा पठाउने, तालिका बमोजिम आ.व. ०७६।०७७ को NPSAS अनुकुलको केन्द्रिय वित्तीय प्रतिवेदन २०७७ असोज १५ गते भित्र म.ले.नि.का.मा पेश गर्ने ।

६. मन्त्रालय र अन्तर्गतका निकायहरुको रकमान्तर , बजेट थपघट र स्रोतान्तरका कारोबारहरु फरक पारी विगतमा बार्षिक प्रतिवेदनहरु प्राप्त हुने गरेको हुँदा यस्ता गल्तिहरु नदोहरिने गरी शुद्ध र विश्वसनीय वित्तीय प्रतिवेदन तयार हुने ब्यवस्था गर्ने ।

७. गत विगतका बर्षहरुमा धरौटी खाता र कार्यसंचालन कोषको हिसाबमा बैंक अनुसार बाँकी र स्रेस्ता अनुसार बाँकी बीच देखिएको फरक रकम पत्ता लगाउने कार्यमा मन्त्रालयका तर्फबाट सहयोग गर्ने ।

८. सम्पत्ति तथा दायित्वको एकिकृत विवरण भाद्र मसान्त भित्र म ले नि का मा पठाउने ब्यवस्था गर्ने ।

महालेखा नियन्त्रक

Scanned with CamScanner